# राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकका निर्णयहरु

१. अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालित विकास कार्यक्रम, परियोजना तथा आयोजनाहरूमा लामो समयदेखि सोधभर्ना व्यवस्थापनको कार्य सम्बोधन हुन नसकेको, हिसाब मिलान तथा फछ्यौंटमा सम्बन्धित मन्त्रालयहरूले समयमा नै सोधभर्ना माग नगरी ठूलो परिमाणको रकम सोधभर्ना हुन बाँकी रहेको देखिएकोले त्यस्तो सोधभर्नासम्बन्धी कार्य २ (दुई) महिनाभित्र सम्पन्न गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्बन्धित मन्त्रालयको सचिव, महालेखा नियन्त्रक र तत् तत् परियोजना प्रमुख सदस्य रहने गरी समिति गठन गर्ने।

२. सरकारको लगानीमा सञ्चालित ३३ के.भी. विद्युत वितरण आयोजनाको लागि गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा चुरे संरक्षण क्षेत्रमा गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रक्रिया अत्यन्तै झन्झटिलो र कठिन प्रकृतिको भएकोले आयोजना निर्माणमा समस्या देखिएको हुँदा सो समस्या समाधानका लागि अध्ययन गरी २ (दुई) महिनाभित्र प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सचिव सदस्य रहने गरी समिति गठन गर्ने।

३. सडक विस्तार, विद्युतीकरण, खानेपानी तथा ढलहरू विस्तार तथा मर्मतको क्रममा भूमिगत केवल तथा पोलहरूमा समेत क्षति हुने गरेकोले दूरसञ्चार सेवा अवरूद्ध हुनुका साथै सेवाको गुणस्तरमा ह्रास आउने गरेकोले राष्ट्रिय राजमार्ग, रणनीतिक महत्वका सडक, पुल, शहरी विकास लगायतका पूर्वाधार निर्माण तथा सोको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्दा नै दूरसञ्चारसम्बन्धी पूर्वाधार राख्न मिल्ने Duct तथा Utility Corridor को व्यवस्था गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव संयोजक तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले २ (दुई) महिना भित्र नीति प्रस्ताव र कार्यान्वयनको कार्ययोजना तयार गर्ने ।

४. राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन र सडक सीमा निर्धारण यथाशीघ्र गर्न र सडक सीमाको अन्यौलका कारण निर्माण कार्यमा देखिएको अवरोध हटाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र नेपाल सरकार मन्त्रिपरिषदबाट यसअघि भएका निर्णयहरूलाई समेत अध्ययन गरी आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बद्ध आयोजना प्रमुख सदस्य रहने गरी एक कार्यदल बनाई उक्त समस्याको समाधानका लागि उपयुक्त विषय प्रस्ताव गर्ने।

५. निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था नहुँदा त्यस्ता संरचनाहरुको दिगोपना तथा सञ्चालनमा समस्या रहेको हुँदा निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभारका लागि सबै निकायहरुले वार्षिक रुपमा आवश्यक बजेटको व्यवस्था गर्ने। आगामी आ.व.को बजेट तर्जुमाका क्रममा यो विषय अनिवार्य रुपमा ग्रहण गर्ने।

६. फोहोरमैला व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहको समेत सहभागिता अभिवृद्धि गर्दै फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका उपाय सहितको प्रतिवेदन ३ (तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालय तथा निकायका प्रतिनिधि सदस्य रहेको समिति गठन गर्ने।

७. तीनै तहका सरकारका लागि विकासमा आवश्यक पर्ने जग्गा प्राप्तिलाई सहज बनाउन गर्नुपर्ने कार्यको उपयुक्त सुझाव सहितको प्रतिवेदन ३ (तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिवहरु सदस्य रहेको समिति गठन गर्ने।

८. संविधानको अनुसूचीमा उल्लेख भएको तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार प्रदेश र स्थानीय तहमा भएको जिम्मेवारी हस्तान्तरण, संस्थागत संरचना र मानव संसाधन व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी ३ (तीन) महिनाभित्र प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालयका सचिव र प्रदेश तथा स्थानीय तहका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने।

९. उच्च शिक्षाको नियमन तथा सञ्चालनमा देखिएको दोहोरोपना हटाउनका लागि आवश्यक कार्यढाँचा सहितको प्रतिवेदन ३(तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, काठमाडौं विश्वविद्यालयका उपकुलपति, विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगका निर्देशक सदस्य रहने गरी एक समिति गठन गर्ने।

१०. विद्यालय शिक्षामा आशातीत उपलब्धि हासिल हुन नसकेको सन्दर्भमा विद्यालय सञ्चालनका लागि स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरीवेक्षणको व्यवस्था मिलाउन संविधानको अनुसूचीमा उल्लिखित अधिकार तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन समेतको आधारमा उपयुक्त सुझाव सहितको प्रतिवेदन २ (दुई) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, सम्बद्ध निकायका प्रतिनिधि, सरोकारवाला निकायहरु समेतको प्रतिनिधित्व रहने गरी एक समिति गठन गर्ने।

११. ब्रोडब्याण्ड गुरूयोजना (२०१६-२०२०) र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले तोकेको लक्ष्य समयमा प्राप्त हुन नसकेको साथै ब्रोडब्याण्ड विस्तारको लागि सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय नहुँदा कार्यान्वयनमा कठिनाई भईरहेकोले उक्त कार्यलाई समन्वय गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक योजना तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले २ (दुई) महिना भित्र समन्वयको ढांचा सिफारीस गर्ने।

१२. विकासका क्रियाकलापमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरु सम्बोधन गरी दीगो लाभ प्राप्त गर्न सम्बन्धित निकायहरुले सबै प्रकारका विकासका क्रियाकलापमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरुलाई अभिन्न अंगका रुपमा समावेश गर्ने विषयलाई आगामी आ.व. देखिको बजेट तथा कार्यक्रममा अनिवार्य रुपमा समावेस गर्ने।

१३. विद्युतीय भुक्तानीमा देखिएको समस्या समाधान गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकलगायत सम्बद्ध सबै निकायको समन्वयमा ३ (तीन) महिनाभित्र नेसनल पेमेन्ट गेटवेको विकास गर्ने।

१४. लामो समयदेखि अन्तर्राष्ट्रिय डाँक लेखाको हिसाब मिलान नहुँदा मुलुक हुलाक सेवाको विश्वव्यापी पहुँचबाट बञ्चित हुँदै गइरहेकोले नेपाल सरकारले भुक्तानी दिनुपर्ने यथार्थ रकम यकीन गरी भुक्तानीसम्बन्धी प्रक्रिया अगाडि बढाउन २ (दुई) महिनाभित्र मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय र हुलाक सेवा विभागका प्रतिनिधि रहने गरी एक समिति गठन गर्ने।

१५. आन्तरिक रोजगारी सिर्जनासम्बन्धी कार्यक्रमहरू विभिन्न मन्त्रालय तथा निकायहरूमा छरिएर रहेको कारण सोको सञ्चालन, व्यवस्थापन र नतिजा प्राप्तिमा देखिएको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालयको सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने र सो समितिले ३ (तीन) महिनाभित्र "रोजगारसम्बन्धी एकीकृत राष्ट्रिय प्रणाली" को ढाँचा सिफारिश गर्ने।

१६. तहगत सरकारको बेरूजु फछ्र्यौट कार्यमा सम्बन्धित निकायलाई जवाफदेही बनाउँदै स्थानीय तहको बेरूजू फछ्र्यौट गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय तह तथा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि रहेको बेरूजू फछ्र्यौट अनुगमन समिति र प्रदेशको हकमा सम्बन्धित प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा आर्थिक मामिला मन्त्रालयको सचिव, सम्बन्धित मन्त्रालयका सचिव र प्रदेश लेखा नियन्त्रक रहेको बेरूजू फछ्र्यौट समिति गठन गरी बेरूजु फछ्र्यौट कार्यको अनुगमन गर्ने।

१७. कोभिड-१९ को महामारी न्यूनीकरणका लागि निर्मित एवं निर्माणाधीन होल्डिङ्ग सेन्टर तथा हेल्थ डेस्कहरूको संरक्षण र उचित व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले

(8/5/7/081)

गृह मन्त्रालय तथा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) संग समन्वय गरी ती संरचनाहरु जिल्ला प्रशासन कार्यालय मार्फत व्यवस्थापन तथा सञ्चालन हुने गरी कार्यविधि तर्जुमा गर्ने। उक्त कार्यविधि स्वीकृतिको लागि १ (एक) महिना भित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्ने।

१८. प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार कर्मचारीको पदपूर्ति एवं व्यवस्थापनमा देखिएको समस्याका कारणबाट प्रदेश र स्थानीय तहको कार्य सम्पादन एवं सेवा प्रवाहमा परेको असरको दिगो समाधानको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय तहमा प्राविधिक तथा अन्य जनशक्तिको अभाव हुन नदिने, रिक्त पदमा पदपूर्ति एवं समयबद्ध सरूवा व्यवस्था तत्काल मिलाउने।

१९. प्रदेश र स्थानीय तहबीच हुने राजश्व बाँडफाँटसम्बन्धी कार्य व्यवस्थित हुन नसक्दा स्रोत व्यवस्थापन र लेखाङ्कनमा समस्या देखिएकोले यसको समाधानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थापन तथा लेखाङ्कनका लागि आवश्यक व्यवस्था मिलाउने।

२०. संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न हुन नसकी निरन्तर थप दायित्व वृद्धि भइरहेकोले यसको न्यूनीकरणका लागि त्यस्ता हस्तान्तरित विकास योजना तथा कार्यक्रम शीघ्र सम्पन्न गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, विषयगत मन्त्रालय र सम्बन्धित प्रदेशका प्रमुख सचिव तथा सम्बन्धित स्थानीय तहको प्रतिनिधि रहेको एक समिति गठन गरी ३ (तीन) महिना भित्र सिफारीस गर्ने।

२१. प्रदेशको राजधानी व्यवस्थापन तथा अन्य पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गाको उपयोगमा समस्या परिरहेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने।

२२. नेपालको संविधानको धारा ३५(४) ले "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भनी मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। खानेपानी आयोजनाको निर्माण चरणमा उपभोक्ताहरूले १० देखि ३० प्रतिशतसम्म जनसहभागिता जनाउनु पर्ने मौजुदा प्रावधानले लामो समयदेखि सरकारको लगानीतर्फको काम सम्पन्न भई उपभोक्ताको जनसहभागिता (लागत र श्रम) बापत योगदान गर्नुपर्ने रकम उपभोक्ताबाट उठाउन/व्यहोर्न कठिन हुँदा आयोजना सम्पन्न हुन नसकेकोले हालको जनसहभागिता सम्बन्धी नीतिलाई पुनरावलोकन गरी आयोजना सम्पन्न गराउने। यसका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्बद्ध मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि भएको समिति गठन गरी एक महिना भित्र उपयुक्त प्रावधान सिफारिस गर्ने।